राष्ट्रिय दैनिक

पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २७८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ कार्तिक १३ गते शुक्रबार ❑ 30 Oct. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

गण्डकी पदक विवाद मुख्यमन्त्रीलाई प्रतिवादी बनाएर अदालत पुगे सदस्य सचिव

पोखरापत्र संवाददाता
पोखरा, १२ कार्तिक

गण्डकी प्रदेश खेलकुद परिषद्ले वितरण गरेको 'प्रदेश खेलकुद पदक' विवाद थप पेचिलो बनेको छ।

पदक वितरण प्रक्रियामा अनियमितता भएको आरोपपछि गण्डकी प्रदेश सरकारले छानबिन समिति गठन गर्नुका साथै प्रदेश खेलकुद परिषद्का सदस्य सचिव श्रीधर शर्मासँग स्पष्टीकरण मागेपछि शर्मा प्रदेश सरकारविरुद्ध अदालत पुग्नुभएको हो। उहाँले मुख्यमन्त्रीलाई समेत प्रतिवादी बनाएर उच्च अदालत पोखरामा रिट दायर गर्नुभएको हो।

शर्माले गत कात्तिक ९ गते उत्प्रेषण तथा परमादेशसमेतको माग गर्दै रिट दायर गर्नुभएकोमा उच्च अदालत पोखराका न्यायाधीश हरिप्रसाद पौडेलको एकल इजलासले कात्तिक १० गते प्रारम्भिक आदेश जारी गरेको छ। अदालतले विपक्षीका नाममा कारण देखाऊ आदेश जारी गर्दै निवेदनको मागबमोजिम आदेश जारी गर्न नपर्ने आधार र कारण भए १५ दिनभित्र लिखित जवाफ पेस गर्न भनेको छ। अदालतको आदेशमा अन्तरिम आदेश जारी गर्ने वा नगर्ने सम्बन्धमा दुवै पक्षको कुरा सुन्न आवश्यक देखिएको उल्लेख छ। सोहीअनुसार कात्तिक १३ गते अन्तरिम आदेशसम्बन्धी छलफलका लागि पेसी तोकिएको छ। साथै, प्रदेश सरकारले गठन गरेको छानबिन समितिको सक्कल प्रतिवेदन र सदस्य सचिव शर्मासँग सातदिने स्पष्टीकरण माग गरिएको विषयसँग सम्बन्धित सक्कल फाइल समेत अदालतले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मगाउने आदेश दिएको छ। गण्डकी प्रदेश खेलकुद परिषद्ले गत असार ३० गते वितरण गरेको प्रदेश खेलकुद पदकको छनोट तथा वितरण प्रक्रिया विवादमा परेको थियो। पदक सिफारिस समितिको अन्तिम निर्णयबिना पुरस्कार वितरण गरिएको, सिफारिस समितिकै सदस्य तथा पदाधिकारीलाई सम्मान गरिएको र प्रक्रियागत पारदर्शिता कायम नगरिएको आरोप उठेपछि प्रदेश सरकारले छानबिन अघि बढाएको हो। प्रदेश सरकारले सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका सचिव डा. शेषनारायण पौडेलको संयोजकत्वमा छानबिन समिति गठन गरेको थियो। त्यसपछि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सदस्य सचिव शर्मासँग सात दिनभित्र स्पष्टीकरण पेस गर्न पत्राचार गरेको थियो।

तर सदस्य सचिव शर्माले भने आफूले नियमविपरीत काम नगरेको दाबी गर्दै छानबिन समिति गठन र स्पष्टीकरण माग गर्ने प्रक्रियामाथि प्रश्न उठाउनुभएको छ। पदक वितरणसम्बन्धी निर्णयमा मन्त्री र मन्त्रालयका सचिव समेत सहभागी भएको अवस्थामा आफूलाई स्पस्पष्टकरण सोध्नु नै गलत भएको शर्माको भनाइ छ।

"बोर्डका अध्यक्ष एवं मन्त्रीसहितको बैठक बसेर निर्णय गरिएको थियो। त्यसको माइन्युटमा समेत हस्ताक्षर भएको छ र उहाँहरूकै उपस्थितिमा पुरस्कार वितरण गरिएको हो। अहिले आएर अनियमितता भयो भन्दै मसँग स्पष्टीकरण माग्नु गलत हो," शर्माले भन्नुभयो।

उहाँले गत वैशाख ९ गतेको बोर्ड बैठकमा मन्त्रालयका सचिवसमेत उपस्थित भएको र सात जनालाई पदक दिने विषय अनुमोदन गरिएको दाबी गर्नुभयो। आफूले बोर्डको निर्णय र प्रचलित नियमअनुसार काम गरेको भन्दै घटनामा आफ्नो संलग्नता देखाएर छानबिन समिति गठन गर्नु उचित नभएको उहाँको जिकिर छ।

भ्रष्टाचार निवारण ऐन, २०५९ का दफा १५, १६ र २२ समेत उल्लेख गर्दै शर्माले आफू संलग्न रहेको निर्णय प्रक्रियालाई विवादित बनाएर उल्टै आफूमाथि छानबिन अघि बढाउनु गलत भएको उल्लेख गर्नुभयो। उहाँले दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारी गर्नुपर्ने समयमा प्रदेश सरकारले आफूलाई समस्यामा पार्न खोजेको गुनासो समेत गर्नुभयो। शर्माले मन्त्री रेखा गुरुङ, मन्त्रालयका सचिव डा. शेषनारायण पौडेल तथा मुख्यमन्त्रीसमेतलाई प्रतिवादी बनाउँदै कानुनी उपचार खोज्न लागेको जनाउनु भयो।

यता छानबिन समितिका संयोजकसमेत रहनुभएका मन्त्रालयका सचिव डा.शेषनारायण पौडेलले पदक वितरणप्रक्रिया गलत ढंगले अघि बढाइएको निष्कर्षसहित प्रतिवेदन मुख्यमन्त्रीसमक्ष पेस गरिएको बताउनुभएको छ। पदक वितरणमा जे भएको घटना जस्ताकै तस्तै विवरण पेश गर्दा कसैलाई चित्त नबुझेमा सरकार बिरुद्ध मुद्धा हाल्नु गलत अभ्यास भएको प्रतिकृया दिनुभयो। दशौं राष्ट्रिय खेलकुदको तयारीमा जुट्नु पर्ने समयमा प्रदेशका सदस्य सचिव नै मुद्धामामिलामा लाग्नु समग्र खेलकुदलाई असर गर्ने उहाँको आशय थियो।

पौडेलका अनुसार घटनामा जे भएको थियो, त्यसैका आधारमा छानबिन गरी प्रतिवेदन तयार पारेर प्रदेश सरकारसमक्ष बुझाइएको हो। पदक वितरणको निर्णय, सिफारिस प्रक्रिया र त्यसमा संलग्न पक्षको भूमिकाबारे छानबिन गर्नु आवश्यक रहेको मन्त्रालयको पक्ष छ। सामाजिक विकास तथा खेलकुदमन्त्री रेखा गुरुङले पनि पदक वितरण प्रक्रिया विपरीत भएको पुष्टि भए कानुनअनुसार कारबाही गरिने बताउनुभएको थियो। विवादित निर्णय र कामबारे छानबिन गरेर तथ्यका आधारमा अघि बढ्नुपर्ने उहाँको धारणा थियो। पदक वितरण विवाद सार्वजनिक भएपछि सिफारिस समितिका संयोजक मदन केसीले समितिले अन्तिम निर्णय वा सिफारिस नगरेको दाबी गर्नुभएको थियो। उहाँका अनुसार समितिले प्राप्त आवेदनको प्रारम्भिक अध्ययन मात्रै गरेको थियो।

केसीले १८ वटा आवेदनमध्ये १३ जनाको प्रारम्भिक सूची तयार गरिएको र आवेदन संख्या कम भएकाले पुनः ३५ दिनका लागि आवेदन खुलाउन आग्रह गरिएको बताउनुभएको थियो। तर समितिलाई जानकारी नदिई हतारमा पदक वितरण गरिएको उहाँको आरोप थियो।

सिफारिस समितिको भनाइ र सदस्य सचिव शर्माको दाबीबीच देखिएको यही विरोधाभासले पदक वितरण प्रक्रियामाथि थप प्रश्न उठाएको हो। समितिले अन्तिम सिफारिस नगरेको दाबी गरिरहँदा सदस्य सचिवले भने विभिन्न बैठक र बोर्डको निर्णयका आधारमा पदक वितरण गरिएको बताउँदै आउनुभएको छ।

बिजुली मर्मत गर्न लगेको भऱ्याङ चढेर कैदी भागेपछि...

पोखरापत्र संवाददाता
पोखरा, १२ कार्तिक

कर्तव्य ज्यान र डाँकासम्बन्धी कसुरमा कास्की कारागारमा जन्मकैदको सजाय व्यतित गरिरहेका कैदी भागेको घटनाले कारागारको सुरक्षा व्यवस्थामाथि प्रश्न उब्जिएको छ।

गत असोज ३१ गते राति २:०० बजेतिर पोखरा महानगरपालिका-१८ खपौदीका ३७ वर्षीय कैदी सन्तोष जलारी बिजुली मर्मतका लागि कारागारमा लगिएको भऱ्याङ चढेर भागेका थिए। कारागारबाट फरार जलारीलाई प्रहरीले कात्तिक ३ गते पोखराकै एक होटलबाट पक्राउ गरेको थियो। जिल्ला प्रहरी कार्यालय, कास्कीका प्रमुख प्रहरी उपरीक्षक नवीन कार्कीले कैदी जलारी योजनाबद्ध रुपमा भागेको बताउनुभयो। "बिजुली मर्मतका लागि राखिएको भऱ्याङ चढेर भागेको पाइएको छ, एक महिनादेखि कारागारबाट भाग्ने योजना बनाएको अनुसन्धानका क्रममा जलारीले बताएका छन्", उहाँले भन्नुभयो। जलारीले कारागारभित्र पसलसमेत चलाएर बस्ने गरेको प्रहरी उपरीक्षक कार्कीले बताउनुभयो। कारागारको सुरक्षार्थ खटिएको प्रहरी र कैदीका नाइकेको प्रयाप्त ध्यान नपुग्दा जलारी भाग्न सफल भएको उहाँको भनाइ छ।

"भोलि पनि बिजुली मर्मत गर्नुपर्छ भनेर उनले भऱ्याङ आफ्नै पसल भएको ठाउँमा राखेको र मध्यरातमा भागेको पाइएको छ", प्रहरी उपरीक्षक कार्कीले भन्नुभयो, "उनले नाइके र अरु कैदीलाई पनि भुक्काएर भागेको देखिन्छ।" कारागारबाट यसरी कैदी भागेका घटना बिरलै हुने गरेको भन्दै उहाँले कारागारको सुरक्षा संवेदनशीलतामा विशेष रुपले ध्यान यस घटनाले सम्बद्ध पक्षलाई झकझक्याएको बताउनुभयो। कारागारका जेलर घनश्याम गौतमले भोलिपल्ट बिहान मात्र कैदी गणनाका क्रममा जलारी भागेको थाहा भएको बताउनुभयो। कैदी भागेको घटनापछि कारागारको सुरक्षा व्यवस्थालाई लिएर प्रश्न र चासो व्यक्त हुनु स्वभाविक भएको उहाँको भनाइ छ। भागेका कैदी जलारी प्रहरीको सक्रियतामा दुई दिनमै नियन्त्रणमा आएको जेलर गौतमले बताउनुभयो। गण्डकी प्रदेश प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालयबाट खटिएको संयुक्त प्रहरी टोलीले जलारीलाई पक्राउ गरेको थियो। उनीमाथि कारागार ऐनसम्बन्धी कसुरमा अदालतबाट म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरी उपरीक्षक कार्कीले बताउनुभयो। "ज्यान र डाँका मुद्दामा २५ वर्ष कैद सजाय पहिलेकै छ, पछिल्लो मुद्दामा थप पाँच वर्ष जेल सजाय हुन सक्छ", उहाँले भन्नुभयो।

खेलाडी उत्पादनमा महानगरको जोड, प्रतियोगिता र प्रशिक्षण प्राथमिकता

पोखरापत्र संवाददाता
पोखरा, १२ कार्तिक

पोखरा महानगरपालिका खेलकुद विकास समितिले यस वर्ष ग्रासरुट तहबाट खेलाडी उत्पादन गर्ने कार्यलाई प्राथमिकतामा राखेर खेलकुदका गतिविधि सञ्चालन गर्ने भएको छ। समितिले आर्थिक वर्ष २०८३/०८४ का लागि तय गरिएका कार्यक्रमलाई कार्यतालिका बनाएर मंसिरदेखि कार्यान्वयनमा लैजाने निर्णय गरेको हो।

बिहीबार पोखरा रङ्गशालामा बसेको समितिको बैठकले ग्रासरुट खेलकुदको विकास, प्रतियोगिता सञ्चालन तथा प्रशिक्षणलाई प्राथमिकतामा राख्दै निर्धारित कार्यक्रमलाई प्रभावकारी रूपमा अघि बढाउने निर्णय गरेको सदस्य सचिव सुरज अधिकारीले जानकारी दिए। बैठकमा पोखरा महानगरपालिका शिक्षा महाशाखा प्रमुख पदमराज आचार्यले खेलकुदका गतिविधिलाई समुदायस्तरसम्म विस्तार गर्न सके खेलप्रति सकारात्मक भावना विकास हुने बताए। खेलकुदले व्यक्तिलाई स्वस्थ बनाउनुका साथै सकारात्मक बाटोमा अघि बढ्न प्रेरित गर्ने उनको भनाइ थियो। महाशाखा प्रमुख आचार्यले समितिका गतिविधि शिक्षा महाशाखाअन्तर्गत पर्ने भएकाले तिनलाई प्राथमिकताका साथ प्रभावकारी बनाउन सहयोग गर्ने प्रतिबद्धता जनाए। उनले कार्ययोजना तयार गरी मंसिरदेखि नै कार्यक्रम सञ्चालन गर्न आग्रह गर्दै अनुशासनमा रहेर काम गर्नुपर्नेमा जोड दिए। महानगरपालिकाका शिक्षा अधिकृत रामप्रसाद तिवारीले खेलकुदका कार्यक्रम सञ्चालन गर्दा नियम, अनुशासन र सहकार्यलाई विशेष ध्यान दिनुपर्ने बताए। सबै पक्ष मिलेर सकारात्मक सोचका साथ अघि बढे निर्धारित लक्ष्य हासिल गर्न सकिने उनको भनाइ थियो।

त्यस्तै, शिक्षा अधिकृत सोमनाथ भण्डारीले समितिको स्थापनादेखि हालसम्म भएका गतिविधिबारे चर्चा गर्दै महानगरपालिकाको खेलकुद क्षेत्रमा सकारात्मक नतिजा हासिल गर्न समितिको भूमिका महत्वपूर्ण रहेको बताए। उनले खेल क्षेत्रको दीर्घकालीन विकासका लागि ग्रासरुट तहलाई केन्द्रमा राखेर कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिए। समितिका अध्यक्ष दीपकबहादुर गोदारले प्रतियोगिता र प्रशिक्षणलाई प्राथमिकता दिँदै यस वर्षका गतिविधि अघि बढाइने बताए। समितिको मुख्य प्राथमिकता ग्रासरुट खेलकुद भएकाले बालबालिका तथा नयाँ खेलाडीलाई खेलकुदसँग जोड्ने कार्यक्रम सञ्चालन गरिने उनको भनाइ थियो। खेलकुद क्षेत्रमा गरिएको लगानीले महानगरपालिकामा आम्दानीका अवसरसमेत सिर्जना गर्न सक्ने उल्लेख गर्दै अध्यक्ष

बाँकी अन्तिम पृष्ठमा ▶▶

लेक लागेका पदयात्रीको हेलिकप्टबाट उद्धार

पोखरापत्र संवाददाता
पोखरा, १२ कार्तिक

कास्कीको मादी गाउँपालिका-१ स्थित कोरी लेकको पदयात्राका क्रममा लेक लागेर बिरामी पर्नुभएकी नवलपरासीको बर्दघाट नगरपालिका निवासी २५ वर्षीय रश्मी पुनलाई हेलिकप्टरमार्फत उद्धार गरी अस्पताल ल्याइएको छ।

पदयात्राका क्रममा बिहीबारबिहान अचानक लेक लागेर अस्वस्थ भएपछि उहाँलाई सिम्रिक एयरको हेलिकप्टरबाट पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ल्याइएको जिल्ला प्रहरी कार्यालय, कास्कीका प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले जानकारी दिनुभयो। पुनको अहिले उपचार भइरहेको र स्वास्थ्य अवस्था मध्यम खालको रहेको उहाँले बताउनुभयो।

कोरीलगायत यस क्षेत्रका उच्च पहाडी भेगमा पदयात्राका लागि जाने पर्यटकमा लेक लाग्ने समस्या देखिने गरेको छ।

मुस्ताङमा एक अर्ब १४ करोड बढीको स्याउ उत्पादन

पोखरापत्र संवाददाता
मुस्ताङ, १२ कार्तिक

हिमाली जिल्ला मुस्ताङमा यस वर्ष रु एक अर्ब १४ करोड ९६ लाख बराबरको स्याउ उत्पादन भएको प्रारम्भिक अनुमान गरिएको छ।

कृषि तथा पशु विकास कार्यालयका अनुसार जिल्लाको पाँच स्थानीय तहको कुल ६६२ हेक्टर क्षेत्रफलमा उक्त मूल्य बराबरको स्याउ उत्पादन भएको प्रारम्भिक विवरण सङ्कलन गरिएको छ।

कृषि तथा पशु विकास प्रमुख डा लालमणि अर्यालका अनुसार यस वर्ष उच्च घनत्व प्रविधिमा आधारित (हाइब्रिड) स्याउ रु २३ करोड छ लाख र परम्परागत स्थानीय स्याउ रु ९१ करोड ९० लाख ९१ हजार बराबरको उत्पादन भएको छ।

यस वर्ष मुस्ताङमा हाइब्रिड र स्थानीय जातका स्याउ गरी सात हजार ३८ दशमलव ५४ मेट्रिक टन स्याउ उत्पादन भएको छ। प्रमुख डा अर्यालका अनुसार हाइब्रिड स्याउ ९५९ दशमलव ६२ मेट्रिक टन र स्थानीय परम्परागत स्याउ छ हजार ७८ दशमलव ९२ मेट्रिक टन स्याउ उत्पादन भएको छ। स्याउ बगैँचामा पुगेर कृषि प्राविधिकहरूले क्रप कटिङ विधि अनुसार स्याउको औसत उत्पादन मापन गरिएको कार्यालय प्रमुख डा अर्यालको भनाइ छ। यसका अलावा स्याउको उत्पादन परिमाण अनुमान गर्न सम्बन्धित स्थानीय तहका कृषि प्राविधिक तथा स्याउ किसानसँग समन्वय गरिएको उहाँले जानकारी दिनुभयो।

रु ९४ करोड ८० लाख ९२ हजार बराबरको स्याउ जिल्लाबाहिर निकासी हुने जनाइएको छ। यस्तै, रु १७ करोड ५६ लाख बढीको स्याउ जिल्ला भित्रै खपत भएको छ। जिल्लामा हाइब्रिड स्याउ प्रतिकेजी रु २४० र स्थानीय परम्परागत स्याउ प्रतिकेजी रु १५१ बराबर मूल्य निर्धारण गरिएको छ। मुस्ताङमा गत वर्ष छ हजार ६८४ दशमलव ३० मेट्रिक टन स्याउ उत्पादन भएको थियो। प्रमुख अर्यालका अनुसार गत वर्षको तुलनामा यस वर्ष ३५४ दशमलव २४ मेट्रिक टन अर्थात् (पाँच दशमलव २९) प्रतिशत बढी स्याउ फलेको हो।

जिल्लामा ९१७ हेक्टर क्षेत्रफलमा स्याउ बगैँचा विस्तार भएको छ। जसमध्ये हाइब्रिड स्याउको क्षेत्र ७६ हेक्टर र स्थानीय परम्परागत स्याउको क्षेत्र ८४१ हेक्टर रहेको छ।

सडक दुर्घटनाबाट बचौं र बचाऔं

❖ सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
❖ मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
❖ सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
❖ सवारी साधन नियमित मर्मत सम्भार गरौं,
❖ पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
❖ दुर्घटना भएमा तुरुन्त प्रहरी वा अस्पतालमा सम्पर्क गरौं।

ट्राफिक नियम पालना गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

पोउवा संघमा थाइल्याण्ड सरकारका उद्योग मन्त्रालयका सल्लाहकार

पोखरापत्र संवाददाता
पोखरा, १२ कार्तिक

पोखरा र थाइल्याण्डका उद्योगी/व्यवसायीबीच व्यावसायिक साझेदारी र सहकार्य तथा द्विपक्षीय लगानी वृद्धि गर्ने सहमति बनेको छ।

थाइल्याण्डका उद्योग मन्त्रालयका सल्लाहकार दीपेन्द्र देसार नेतृत्वको प्रतिनिधिमण्डलसँग बिहीबार पोखरा उद्योग वाणिज्य संघमा भएको वृहत छलफल र अन्तर्क्रियापछि सो सहमति जुटेको हो । नेपाली मुलका देसार थाइल्याण्डमा सूचना प्रविधि,पर्यटन तथा आयात-निर्यात व्यवसायमा संलग्न रहेका छन्।

लामो समयदेखि थाइल्याण्ड बस्दै आएका देसारले पोखराका उद्योगी/व्यवसायीलाई थाइल्याण्डको बजारसम्म पुग्ने पुलको काम गर्ने प्रतिवद्धता पनि जनाएका छन् । थाइल्याण्डको प्रतिनिधिमण्डलाई स्वागत गर्दै पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष शोभा गौतमले थाइल्याण्डमा रहेका साना तथा मझौला व्यवसायीका उत्पादनहरु नेपाली बजारमा ल्याउने गरी व्यावसायिक साझेदारी निर्माण,नेपाली उत्पादनको थाइल्याण्डमा थप बजारको खोजीका निम्ति पोखरा उद्योग वाणिज्य संघले सहकजीकरण गर्ने बताइन्।

अध्यक्ष गौतमले नेपालले थाइल्याण्डमा हालसम्म गलैंचा,मासु,स्टेसनरी सामान र कुकुर बिरालोसम्म निर्यात भएको दृष्टान्त दिँदै निर्यात वृद्धिका निम्ति नेपाली उत्पादनको गुणस्तर वृद्धिमा सघाउन थाइल्याण्डको प्रतिनिधिमण्डलसँग आग्रह पनि गरिन् । बौद्धमार्गी थाइल्याण्ड र बुद्धको जन्मभूमि नेपालबीच पर्यटन आदान प्रदानको सम्भावनाबारे चर्चा गर्दै अध्यक्ष गौतमले अगाडि भनिन्,' लुम्बिनीमा थाइल्याण्डका बौद्धमार्गीको अगुवाइमा निर्मित गुम्बाहरुले धेरै सम्भावना देखाएका छन् । हामीसँग थाइल्याण्डको जस्तो समुद्र र बिच त छैन तर हामीसँग सुन्दर ताल,सुन्दर हिमाल र पदयात्राका लागि पहाड र चढ्नको लागि हिमाल र विविधतायुक्त संस्कृति छ । त्यसैले यहाँ पर्यटन उद्योग फस्टाउनेमा कुनै द्विविधा छैन।'

अन्नपूर्ण पदयात्रा मार्गको प्रस्थान बिन्दु पोखरा र आसपासमा अहिले विश्वप्रसिद्ध होटलका चेनहरु स्थापित भएको बताउँदै अध्यक्ष गौतमले पर्यटन उद्योगमा अग्रणी रहेको थाइल्याण्डका व्यवसायीसँगको सहकार्यमा यहाँ त्यस्ता होटल र रेस्टुरेन्ट खोल्ने वा थाइल्याण्डका व्यवसायीको लागि यहाँ व्यवसाय गर्ने वातावरण निर्माण गर्न पोखरा उद्योग वाणिज्य संघले सहजीकरण गर्ने बताइन्।

'सूचना प्रविधिको क्षेत्र अर्को सहकार्यको सम्भावित क्षेत्र भएकोमा पनि हामी प्रष्ट छौँ,'अध्यक्ष गौतमले भनिन्।

थाइ प्रतिनिधिमण्डबाट दुई देशका व्यवसायी सहभागी गराउँदै बिजनेस एक्सपोको आयोजना गर्ने प्रस्तावलाई स्वीकार्दै अध्यक्ष गौतमले भनिन्,'मेला र महोत्सवको जननी पोखरा उद्योग वाणिज्य संघ यस्तो मेला आयोजना गर्न सक्षम र इच्छुक छ। समयले साथ दियो र तयारी पुग्ने अवस्था रह्यो भने आउँदै गरेको हाम्रो मेलाअन्तर्गत नै नेपाल-थाइल्याण्ड बिजनेस एक्सपो समेत आयोजना गर्ने सम्भावनबारे पनि हामी छलफल गर्नेछौँ। '

सोही कार्यक्रममा मन्तव्य राख्दै थाइल्याण्डको उद्योग मन्त्रालयका सल्लाहकार दीपेन्द्र देसारले आफ्नो भ्रमणको उद्देश्य दीर्घकालीन सम्बन्ध स्थापित गर्नु रहेको बताए । थाइल्याण्ड सरकारको उद्योग मन्त्रालयको सल्लाहकारको रुपमा आफूले नेपाली उत्पादनहरु थाइल्याण्ड पुऱ्याउन सहजीकरण गर्ने प्रतिवद्धता व्यक्त गर्दै अगाडि भने,' हामी पर्यटन र सेवा क्षेत्रमा पनि सहकार्य गर्न सक्छौं,त्यहाँको लगानी नेपाल भित्र्याउनका निम्ति सहजीकरण गर्छौं र थाइ उत्पादनहरु नेपाल आयात गर्ने व्यवसायीलाई पनि सहजीकरणका निम्ति तयार छौं।' कार्यक्रममा संक्षिप्त मन्तव्य राख्दै पोखरा उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य गोकर्ण कार्कीले नेपालमा लगानी भित्र्याउने र व्यवसाय प्रवर्द्धन गर्ने अभियानमा नेपाल उद्योग वाणिज्य महासंघले सहजीकरण गर्ने बताए।

पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष दिनेशचन्द्र बास्तोलाको धन्यवाद र उपमहासचिव प्रदीप राजभण्डारीको संचालन रहेको कार्यक्रममा बोल्दै नेसनल हेल्थ फाउण्डेसनका अध्यक्ष प्रकाश रजौरियाले सहकार्यका निम्ति साइत कुर्न नहुने र सानो कामबाटै त्यसको थालनी गर्न सकिने बताए। अन्तरर्क्रिया कार्यक्रममा सहभागी पोखरा उद्योग वाणिज्य संघका पदाधिकारी तथा सदस्यहरुले सहकार्यको विविध पक्ष एवं सम्भावनाका क्षेत्रबारे जिज्ञासा राखेका थिए।

११ औँ राष्ट्रिय सेपाक तात्रो प्रतियोगिता हुने

पोखरापत्र संवाददाता
पोखरा, १२ कार्तिक

पोखरामा शनिबारदेखि ११ औं राष्ट्रिय सेपाक तात्रो प्रतियोगिता हुने भएको छ।

गण्डकी प्रदेश सेपाक तात्रो संघको आयोजनामा यही कात्तिक १४ देखि १७ गतेसम्म पोखरा रङ्गशालास्थित मल्टीप्रपोज कभर्ड हलमा उक्त प्रतियोगिता सञ्चालन हुने बिहीबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो।

प्रतियोगितामा सातवटै प्रदेश र विभागीय टोली नेपाली सेनासहित आठ टोलीबीच प्रतिस्पर्धा हुने भएको संघ गण्डकीका अध्यक्ष श्यामबहादुर श्रेष्ठले बताउनु भयो । उहाँले प्रतियोगिताको तयारी पूरा भएको जानकारी दिदै प्रतियोगिता दैनिक बिहान ८ बजेदेखि साँझ ५ बजेसम्म सञ्चालन हुने उल्लेख गर्नुभयो। प्रतियोगितामा पुरुषतर्फ टिम रेगु, रेगु, क्वाड, डबल र महिलातर्फ रेगु र क्वाड इभेन्टमा प्रतिस्पर्धा हुनेछ।

सेपाक तात्रो खेलमा रेगुमा तीन जना र क्वाडमा चार जना खेलाडीबीच प्रतिस्पर्धा हुने गर्दछ। प्रतियोगिताका खेल अन्तर ाष्ट्रिय सेपाक तात्रो महासंघको नियमअनुसार सञ्चालन गरिने संघका केन्द्रीय अध्यक्ष नेत्रबहादुर गुरुङले जानकारी दिनुभयो । राष्ट्रिय स्तरको प्रतियोगिता यसअघि प्रायः राजधानी केन्द्रित हुँदै आएको अवस्थामा खेलकुदलाई मोफसलसम्म विस्तार गर्ने उद्देश्यले पोखरामा प्रतियोगिता आयोजना गर्न लागिएको अध्यक्ष गुरुङले बताउनुभयो । पोखरामा पहिलो पटक राष्ट्रिय स्तरको सेपाक तात्रो प्रतियोगिता आयोजना गर्न लागिएको उल्लेख गर्दै उहाँले यसले देशभरका खेलाडीलाई आफ्नो प्रतिभा प्रदर्शन गर्ने अवसर प्रदान गर्ने विश्वास व्यक्त गर्नुभयो । प्रतियोगिताका लागि कुल २२ लाख २९ हजार ४०० रुपैयाँ खर्च हुने र २५ लाख रुपैयाँ आम्दानी हुने अनुमान गरिएको अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो। प्रतियोगितामा पहिलो, दोस्रो र तेस्रो हुने टोलीले क्रमशः ५० हजार, ४० हजार र ३० हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गर्नेछन्। त्यसैगरी, प्रतियोगितामा सहभागी प्रत्येक टोलीलाई २० हजार रुपैयाँ प्रदान गरिने आयोजकले जनाएको छ । विजेता तथा उत्कृष्ट खेलाडीलाई ट्रफी, मेडल, प्रमाणपत्र र नगद पुरस्कारसमेत प्रदान गरिनेछ।

खेलकुदको विकास र राष्ट्रिय स्तरका प्रतिभावान् खेलाडी उत्पादन गर्नुका साथै पोखराको पर्यटन प्रवर्द्धन तथा स्थानीय व्यवसायमा आर्थिक गतिविधि बढाउनु प्रतियोगिताको प्रमुख उद्देश्य रहेको आयोजकले जनाएको छ। खेलकुद र पर्यटनलाई एकसाथ जोडेर पोखरालाई राष्ट्रिय स्तरको खेलकुद गन्तव्यका रूपमा स्थापित गर्न प्रतियोगिताले योगदान पुऱ्याउने आयोजकको विश्वास छ।

राष्ट्रिय स्तरको प्रतियोगिता पोखरामा आयोजना हुँदा स्थानीय खेलप्रेमीले उच्चस्तरका खेल प्रत्यक्ष अवलोकन गर्ने अवसर पाउनुका साथै सेपाक तात्रो खेलको लोकप्रियता विस्तारमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ।

खेलाडी ...

गोदारले बजेट पर्याप्त नभए पनि उपलब्ध सीमित स्रोतसाधनको अधिकतम उपयोग गरी देखिने परिणाम हासिल गर्ने गरी काम गरिने बताए । समितिका खेल प्राविधिक प्रमुख राजन पौडेल र उपप्रमुख सिद्धान्त अधिकारीले ग्रासरुट खेलकुदको विकासबिना समग्र खेल क्षेत्रको विकास सम्भव नहुने धारणा राखे । उनीहरूले खेल गतिविधि सञ्चालनलाई थप सहज र प्रभावकारी बनाउन केही कार्यविधिमा सुधार तथा सहजीकरण आवश्यक रहेकोसमेत औँल्याए। समितिले ग्रासरुट तहमा खेलकुदको पहुँच विस्तार गर्दै नयाँ प्रतिभा पहिचान र खेलाडी उत्पादनलाई प्राथमिकता दिएर कार्य गर्ने जनाएको छ। समितिले हालै शिक्षा महाशाखा प्रमुखको जिम्मेवारी सम्हालेका आचार्यलाई स्वागत समेत गरेको थियो।

मुस्ताङमा पथ प्रदर्शकको मृत्यु

पोखरापत्र संवाददाता
मुस्ताङ, १२ कार्तिक

मनाङबाट राउन्ड अन्नपूर्ण चर्किय पदमार्गको थोरङ्ला पास गरी मुस्ताङ आइपुगेका एक पथ प्रदर्शकको मृत्यु भएको छ।

सोलुखुम्बुको महाकुलुङ गाउँपालिका-३ का २७ वर्षीय लाक्चन्द्र कुलुङको मुस्ताङस्थित प्रदेश अस्पताल जोमसोममा उपचारका क्रममा बुधबार राति मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी निरीक्षक ईश्वर महतले जानकारी दिनुभयो । पथ प्रदर्शक कुलुङ हिमालयन हब एड्भेन्चर प्रालिमार्फत फ्रान्सका महिला पर्यटकलाई लिएर मनाङ हुँदै थोरङ्ला पास पुगेर बुधबार राति मुस्ताङको वारागुङ मुक्तिक्षेत्र-१ मुक्तिनाथ आइपुगेका थिए । सूचना अधिकारी महतका अनुसार कुलुङ मुक्तिनाथको एक होटलमा 'वाथरुम'मा नुहाउन गएकामा लामो समयसम्म बाहिर ननिस्किएपछि होटलका सचालकले इलाका प्रहरी कार्यालय मुक्तिनाथलाई जानकारी गराएका थिए।

पथ प्रदर्शक कुलुङ 'वाथरुम'मा अचेत अवस्थामा भेटिएका थिए । तत्काल उनलाई उपचारका लागि प्रदेश अस्पताल जोमसोम भर्ना गरिएको थियो। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

डिभिजन वन कार्यालय, कास्कीको वार्षिक विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८३/०७/१३ गते

यस कार्यालयको चालु आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक विकास कार्यक्रम मध्ये तपसिलको कार्यक्रम संचालन गर्न ईच्छुक सामुदायिक वन उपभोक्ता समूहहरुबाट आवश्यक कागजात सहित अवधारणा पत्र र प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। पूर्ण व्यहोराको सूचना यस कार्यालयको Website: dfokaski.gov.np मा समेत राखिएको छ। विस्तृत जानकारीको लागि कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ।

तपसिल

सि.नं.	कार्यक्रमको नाम	विनियोजित रकम रु.	कैफियत
१	वनमा रहेका ज्वलनशील पदार्थ तथा मिचाहा प्रजातीको व्यवस्थापन तथा संकलन गरि प्राङ्गरिक मल उत्पादन	२ वटा समूहलाई प्रति समूह ४,००,०००।- दरमा जम्मा रु. ८,००,०००।-	सूचना प्रकाशन भएको १५ (पन्ध्र) दिन भित्र पेस गर्नुपर्ने
२	वन सम्वर्धन प्रणालीमा आधारित दीगो वन व्यवस्थापन मार्फत काठ दाउरा उत्पादन कार्यक्रम	रु. ५,००,०००।-	सूचना प्रकाशन भएको ३० (तीस) दिन भित्र पेस गर्नुपर्ने

डिभिजनल वन अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा प्राथमिक स्वास्थ्य केन्द्र
कुश्मीसेरा, बाग्लुङ

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मिति : २०८३/०७/१३ गते

यस कार्यालयबाट निम्नानुसारको कार्य खुला बोलपत्र (हार्डकपी मात्र) को माध्यमबाट गर्न/गराउनका लागि मिति २०८३/०५/३० गते प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये निम्न बमोजिमको बोलपत्र स्वीकृतिका लागि छनौट गरिएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ (दोस्रो संसोधन २०८३) को दफा २७ को उपदफा २ र ३ बमोजिम यो सात (७) दिने आशयको सूचना प्रकाशित गरिएको छ। साथै, सार्वजनिक खरिद ऐन २०६३ (दोस्रो संसोधन २०८३) को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुलाई समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

सि. नं.	ठेक्का नं.	कामको विवरण	छनौट भएको बोलपत्रदाता	कबोल अंक रू.	
				अंकमा	अक्षरमा
१	01/PHC/NCB/ GOODS/ MEDICINES/ 2083/084	Supply and Delivery of Medicines for Kush-misera Primary Health Center	समुन्द्र मेडिको फर्मा, बुटवल-०७, रुपन्देही	२७४१०२३.१६	सत्ताइस लाख एकचालीस हजार तेइस रुपैया सोह्र पैसा मात्र

कुश्मिसेरा प्राथमिक स्वास्थ्य केन्द्र

३५ दिने अत्यन्तै जरूरी सूचना

(प्रकाशित मिति: २०८३/०७/१३)

यस **नवीन बचत तथा ऋण सहकारी संस्था लि.** का विगत लामो समयदेखि कुनैपनि कारोवार नगरी, सदस्य पहिचान फारम (KYM) नभरी, बेला बेलामा फोन मार्फत सम्पर्क गर्दा समेत सदस्यले बेवास्ता तथा स्वीचअफ वा मोवाइल नम्बर परिवर्तन गरी हाम्रो सम्पर्कमा नआउनु भएका सम्पूर्ण सदस्यहरु सहकारी ऐन, २०७४ सहकारी नियमावली, २०७५ सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संस्थालाई जारी गरेको निर्देशन, २०७४ र संस्थाको विनियम साथै २०औ वार्षिक साधारण सभाको निर्णय अनुसार यस सूचना प्रकाशित मितिले ३५ दिनभित्र संस्थामा उपस्थित भई वा फोनबाट सम्पर्क गरी इमेल मार्फत सदस्य पहिचान फारम (KYM) भर्नुहुन सम्पूर्ण निष्क्रय सदस्यहरुलाई हार्दिक अनुरोध गर्दछौं। अन्यथा सदस्य पहिचान फारम (KYM) नभर्ने सम्पूर्ण सदस्यहरुलाई प्रचलित सहकारी कानुन अनुसार संस्थामा रहेका सम्पूर्ण खाताहरु स्वतः बन्द गर्नुपर्ने वाध्यात्मक अवस्था आउनु अगावै सदस्य पहिचान फारम (KYM) भरी असल सदस्य कायम गर्नुहुन यसै सूचना मार्फत जानकारी गर्दछौ।

नवीन बचत तथा ऋण सहकारी संस्था लि.
पोखरा-४, कास्की
सम्पर्क नं. ०६१-५७४१८३, ५७४१७८ मो. ९८५६०७४१८३
इमेल: nabincooperative@gmail.com

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

जीवन एउटा कहिल्यै समाप्त नहुने बसन्त हो ।
– वी. पी. कोइराला

सम्पादकीय

देशलाई विधिको बाटोमा हिडाउने अवसर नगुमाऊ

दुई तिहाइ बहुमत पाएको राष्ट्रिय स्वतन्त्र पार्टीको सरकारले मुलुकलाई अस्थिरतामा लान खोजेको छानिर्वाचनबाट सरकार चलाउन जनमत पाएको रास्वपाले कानुनी शासनको साटो आदेशको भरमा चलाउन खोज्दैछ। स्थायी सरकारको रुपमा मानिने कर्मचारीतन्त्रमा अस्थिरता ल्याउन खोजेको छ। निजामतीमा अस्थिरता ल्याउन लागेपछि राजिनामा दिन थालेका छन । संसदअधिवेशन सकिए लगत्तै देखि निजामती कर्मचारीसम्बन्धी अध्यादेशको आतङ्क छाएको छ । संसदमा सुबिधाजनक बहुमत भएको बेला विधेयक ल्याएर सरोकारवालासँग छलफल गरेर ऐन बनाउनुपर्नेमा अध्यादेश ल्याउन खोज्नु अधिनायकवादी सोच हो।सुशासनको आधारभूत मापदण्ड नै भत्काउने नियत देखिन्छ । संसदमा विधेयक दर्ता गरिसकेपछि त्यसलाई थाती राखेर अध्यादेश जारी गराउनु संसद्को अपमानका साथै लोकतान्त्रिक शासनको मर्मको पनि उल्लङ्घन हो ।

सरकारले संविधान र कानुनको अक्षर तथा भावनालाई उपेक्षा गरेर शासन चलाउन खोजेको हो भने त्यो प्रत्युत्पादक हुने जोखिम धेरै हुन्छ । विगतका सरकारहरूले संविधान, कानुन, प्राकृतिक न्यायको सिद्धान्त तथा प्रचलित प्रशासनिक मान्यताको बेवास्ता गर्दा एकातिर राज्यका लागि हानिकारक भएको छ भने अर्कातिर त्यस्ता निर्णयहरू टिक्न सकेका छैनन् । बजेट अधिवेशन आव्हान फिर्ता गरेर अध्यादेश ल्याएर एकैचोटि १६ सयको पद खोसेको सरकारले आफ्नो स्वेच्छाचारी कदम रोकेको छैन।विगतबाट पाठ सिकेर संसदबाट कानुन बनाउन लाग्नुपर्ने हो।संसदको प्रतिपक्षी कमजोर भएको बेलामा पनि अध्यादेशबाट मुलुक चलाउन खोज्नु अधिनायकवादी बाटोमा हिड्नु हो ।

विधि सम्मत तरिकाले जाँदा निजामती सेवामा अन्यायपूर्ण प्रावधान रहेको अध्यादेश संसद्ले स्वीकार गर्नेछैन । त्यसको अर्थ केही व्यक्तिको जागिर खोस्नमात्र उक्त कानुनको प्रयोग हुनेछ । यस्तो व्यवहार प्राकृतिक न्यायको सिद्धान्तअनुसार वैध र नैतिक मानिदेन । नैतिक वैधता नभएको क्रियाकलाप अन्ततः प्रत्युत्पादक नै हुनेछ। कर्मचारीको अवकाश होस् वा विवादित राजदूत नियुक्तिमा सरकारले नैतिक वैधता गुमाउनु प्रत्युत्पादक हुन्छ । संसद् र कानुनी व्यवस्थालाई छल्ने रकमी उपाय खोज्नुको सट्टा पारदर्शी प्रक्रिया अपनाउनु नै सुशासनको आधार हो । सुशासन कानुनको इमानदार पालना र जवाफदेहीबाट पुष्टि हुने हुनाले सरकार संसद् वा समिति छल्ने कपट खेलमा नलागोस् । प्रतिनिधिसभामा दुई तिहाइ बहुमत पाएको ऐतिहासिक अवसर हो।यसलाई सही सदुपयोग गरेर देशलाई विधिको बाटोमा हिडाउन सक्नु रास्वपा र देशको हितमा हुनेछ ।

तपाईको आज

मेष : मानसिक तनाव
वृष : सहयोग मिल्नेछ
मिथुन : व्यापारमा लाभ
कर्कट : झमेला बढ्ने
सिंह : स्वास्थ्यमा सुधार
कन्या : शुभ यात्रा
तुला : आर्थिक समस्या
वृश्चिक : शत्रुको भय
धनु : कार्यमा सफलता
मकर : अप्रत्यसित लाभ
कुम्भ : शारीरिक झमेला
मीन : सत्कार मिल्नेछ

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

विमा लेख हरायो

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।
नाम: गंगा बहादुर गुरुङ
ठेगाना: बाह्रापाटन पोखरा-१३
विमा लेख नं. १३००९२४६८
सम्पर्क: लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
फोन: ९८१५१३२५८९

बागलुङका पालिकालाई दुई करोड अनुदान

पोखरापत्र संवाददाता
बागलुङ, १२ कार्तिक

बागलुङका विपद् सङ्कटग्रस्त स्थानीय तहलाई सङ्घीय सरकारले पहिलो चरणमा रु दुई करोड अनुदान उपलव्ध गराएको छ ।

सरकारले गत असोज ११ गतेको बाढीपहिरोबाट धनजनको क्षति पुगेका पश्चिम बागलुङका छ स्थानीय तहलाई 'विपद् सङ्कटग्रस्त क्षेत्र' घोषणा गरेको थियो । घोषणालगत्तै जिल्ला प्रशासन कार्यालयमा पहिलो चरणमा छ स्थानीय तहलाई रु दुई करोड राहत आएको बागलुङका प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद आचार्यले जानकारी दिनुभयो ।

उक्त रकम सङ्कटग्रस्त घोषणा गरिएको पालिकाको खातामा पठाइने छ । पालिकाले विपद्पछि तत्काले गर्नुपर्ने सडक पुनः सञ्चालन, खानेपानी मर्मत, विद्यालयमा पठनपाठको वातावरण बनाउने लगायतमा खर्च गर्न सक्ने प्रजिअ आचार्यले बताउनुभयो । "विपद्पछि तत्कालै सम्पादन गर्नुपर्ने काममा पालिकामा रकम अभाव नहोस् भनेर आएको हो, निजी आवास पुनर्निर्माण, विद्यालय भवन निर्माण तथा सडक निर्माणका लागि आगमी दिनमा थप बजेट आउने छ । हाल प्राप्त भएको बजेट खानेपानी, शिक्षा, सडक जस्ता तत्कालै गर्नुपर्ने मर्मतलगायतका काममा खर्च गर्न सकिने छ," उहाँले भन्नुभयो । अनुदानको रकमबाट विद्युत् सञ्चालनका लागि नहर मर्मत, खानेपानीको पाइप मर्मत, अवरुद्ध सडक खुलाउन र घरको छाना उडाएकालाई तत्काले ओत लाग्ने व्यवस्था गर्न पालिकालाई भनिएको छ । जिल्लाको ताराखोला गाउँपालिका, बडिगाड गाउँपालिका, गलकोट नगरपालिका र ढोरपाटन नगरपालिका सबै वडा र निसीखोला गाउँपालिकाका वडा नम्बर ४ र ६, तमानखोला गाउँपालिकाका वडा नम्बर २ र ४ वडालाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरिएको छ । विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा भएका पालिकालाई रु ४० लाखका दरले र आंशिक रूपमा घोषणा गरिएको निसीखोला र तमानखोलालाई रु २० लाख बराबरको बजेट प्राप्त भएको छ । गत असोज ११ गतेको बाढीपहिरोमा परी बागलुङमा १३ जनाले ज्यान गुमाएका थिए । मृत्यु हुनेमा निसीखोला र तमानखोला गाउँपालिकाका पाँच/पाँच जना र ताराखोला गाउँपालिकाका तीन जना रहेका छन् ।

यस्तै बडिगाड गाउँपालिकामा हावाहुरीका कारण सयौ घरको छाना उडाएको थियो भने गलकोट र ढोरपाटनमा सडक, विद्यालय र निजी आवासमा क्षति पुगेको थियो । सरकारले यी क्षेत्रलाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरेसँगै अब प्रभावित क्षेत्रमा पुनरुत्थान, राहत वितरण र भौतिक संरचना पुनर्निर्माणको कामले गति लिने बागलुङका प्रमुख जिल्ला अधिकारी आचार्यले जानकारी दिनुभयो ।

एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा

गण्डकी प्रदेश बागलुङ जिल्ला बागलुङ नगरपालिका वडा नं. ९ निवासी भारतिय भु.पू.सै.नं. JC ७६९१८३ वाई नायव सुवेदार कमल बहादुर क्षेत्रीको नेपाली नेपाली नागरिकताको प्रमाणपत्रमा नाम थर कमल बहादुर कार्की क्षेत्री उल्लेख भएको र भारतिय डकुमेन्टमा निजको नाम थर कमल बहादुर क्षेत्री उल्लेख भै फरक परेतापनि दुई नाम थर कमल बहादुर कार्की क्षेत्री र कमल बहादुर क्षेत्री भएको व्यक्ति एउटै भएको साथै निजको पत्नी सीता कार्की क्षेत्रीको नेपाली नागरिकताको प्रमाणपत्रमा नाम थर सीता कार्की क्षेत्री र जन्म मिति वि.सं. २०३०/०७/१६ उल्लेख भएको र पतिको भारतिय पेन्सन डकुमेन्ट PPO मा निज पत्नीको नाम थर सीता कुमारी क्षेत्री र जन्म मिति ई.सं. ०२-११- १९७३ उल्लेख भई फरक परेतापनि उल्लखित दुई नाम थर र दुई जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको भनी बागलुङ नगरपालिका, ९ नं. वडा कार्यालय, बागलुङको च.नं. ३१५, मिति २०८३/०७/१० गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

जिल्ला प्रशासन कार्यालय, बागलुङ

एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा

प्रस्तुत सम्बन्धमा लमजुङ जिल्ला सुन्दरबजार नगरपालिका वडा नं.०८ निवासी भारतीय भु.पू.सैनिक नं. JC 629910 N सुबेदार श्याम बहादुर अधिकारीको श्रीमतीले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्र (नं.१३५१) र राहदानी प्रमाणपत्र (नं. PA 0380967) मा निजको नामथर सरस्वती थापा अधिकारी (SARASWOTI THAPA ADHIKARI) र जन्ममिति 24/09/1975 उल्लेख भएको र भारतीय पेन्सन अभिलेखमा निजको नामथर (SARASWATI ADHIKARI) र जन्ममिति 17/08/1975 भई नामथर र जन्ममिति फरक परेतापनि उल्लेखित नामथर र जन्ममिति गरेको व्यक्ति फरक फरक नभई एकै भएको व्यहोरा सुन्दरबजार नगरपालिका वडा नं.०८ कार्यालयको च.नं. ३५६, मिति २०८१/१०/२० को सिफारिस बमोजिम सोहि प्रमाणित गरिन्छ ।

जिल्ला प्रशासन कार्यालय, लमजुङ

सधियारलाई ७ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति २०८३/०७/१३ गते

कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १४, विशाल मार्ग स्ट्रिट नं. २ बस्ने खैसरा श्रीस रानाको हकभोग तिरो भित्र एवम् निजको नाममा रहेको कित्ता नं १७५ क्षेत्रफल १७३.६ ब.मी.को जग्गामा नयाँ घर निर्माण कार्य गर्ने क्रममा साँधसधियारहरुलाई खोजतलास गर्दा उक्त जग्गाको दक्षिण तर्फको संधियार कि.नं १७७ र ७९ का जग्गा धनि फेला नपरेको हुदाँ उक्त जग्गामा नयाँ घर बनाउँदा तपाईलाई कुनै प्रकारको बाधा अट्चन पिरमर्का पर्ने भए यो सूचना प्रकाशन गरिएको मितिले ७ दिन भित्र सबुत प्रमाण सहित यस १४ नं. वडा कार्यालयमा निवेदन दिनुहुन सम्बन्धित सरोकारवालाहरुको लागि यो सुचना प्रकाशित गरिएको छ अन्यथा प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

पोखरा महानगरपालिका वडा नं. १४ को कार्यालय

पन्ध्र वर्षपछि दमौलीमा 'इलेभेन ए साइड' फुटबल प्रतियोगिता हुँदै

पोखरापत्र संवाददाता
दमौली, १२ कार्तिक

पन्ध्र वर्षपछि तनहुँको व्यास नगरपालिका नगर खेलकुद विकास समितिको आयोजनामा दमौलीमा इलेभेन ए साइड फुटबल प्रतियोगिता हुने भएको छ ।

शुक्रबारदेखि व्यास नगरपालिका-३ स्थित बिपी वनवाटिकामा वडास्तरीय फुटबल प्रतियोगिता सञ्चालन हुने भएको हो । प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको आज पत्रकार सम्मेलनमार्फत जानकारी गराइएको छ । प्रतियोगितामा नगरपालिकाका १४ वडाको सहभागिता रहनेछ । प्रतियोगितामा सम्बन्धित वडाभित्रकै खेलाडीले सहभागिता जनाउनुपर्ने व्यवस्था गरिएको छ । प्रतियोगितामार्फत स्थानीय खेलाडीको प्रतिभा पहिचान, खेलकुदको विकास तथा वडास्तरमा खेलप्रतिको आकर्षण बढाउने लक्ष्य राखिएको छ । प्रतियोगितामा प्रथम हुने टोलीले रु एक लाख, द्वितीय हुने टोलीले रु ७५ हजार र तृतीय हुने टोलीले रु ५० हजार नगद पुरस्कार प्राप्त गर्नेछन् । त्यस्तै, उत्कृष्ट खेलाडी, सर्वाधिक गोलकर्ता र उत्कृष्ट गोलरक्षकलाई पनि पुरस्कृत गरिनेछ । व्यास नगरपालिका-३ का वडाध्यक्ष एवं नगर खेलकुद विकास समितिका अध्यक्ष जीवन गुरुङले व्यवस्थित खेलमैदानको अभावका कारण इलेभेन ए साइड फुटबल प्रतियोगिताहुननसकिरहेकोसन्दर्भमाबिपी वनवाटिकास्थित खेलमैदान व्यवस्थित हुने चरणमा रहेको जनाउँदै १५ वर्षपछि इलेभेन ए साइड प्रतियोगिता आयोजना गरिएको बताउनुभयो । व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले नगरपालिकाले खेलकुद क्षेत्रलाई प्राथमिकतामा राखेर विभिन्न विधाका खेलकुद कार्यक्रम सञ्चालन गर्दै आएको बताउनुभयो । खेलकुदको विकासका लागि वडास्तरमा समेत पूर्वाधार निर्माणका काम भइरहेको उहाँको भनाइ छ। दमौलीमा खेलमैदानको अभावलाई सम्बोधन गर्न सङ्घीय सरकारको सहयोगमा खेलमैदान स्तरोन्नतिको कामसमेत अघि बढाइएको प्रमुख न्यौपानेले जानकारी दिनुभयो । वडास्तरीय प्रतियोगिताले स्थानीय खेलाडीलाई आफ्नो प्रतिभा देखाउने अवसर प्रदान गर्नुका साथै दमौलीमा फुटबल खेलको विकास र खेलकुद गतिविधि विस्तारमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

एउटै व्यक्ति भएको सूचना

कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं.१२ निवासी भारतीय भु.पु.सै.नं. JC629585Y, 1/9 GR का सुवेदार डमर बहादुर वोहरा कार्कीको माग निवेदन अनुसार निजको श्रीमतीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर श्री कुमारी वोहरा कार्की र जन्ममिति जन्ममिति वि.सं. २०२१।०१।१२ (ई.सं.१९६४।०४।२४) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर श्री कुमारी र जन्ममिनि वि.सं. २०२१।०१।११ (ई.सं.१९६४।०४।२३) उल्लेख भई फरक परेता पनि माथि उल्लेखित फरक नामथर र जन्ममिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १२ नं. वडा कार्यालयको च.नं.४८९ मिति २०८३।०६।२९ को सिफारिस पत्रवाट लेखी आएकोले भारतीय पेन्सन प्रयोजनको लागि मात्र नियमानुसार हुन अनुरोध छ ।

जिल्ला प्रशासन कार्यालय कास्की

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

हार्दिक समवेदना

जन्म : २००९/०४/१०

स्वर्गारोहण : २०८३/०७/०१

स्व. पूर्णमाया मर्सानी

श्री भैरव साँस्कृतिक संरक्षण समितिका आजिवन सदस्य तथा श्री भैरव नृत्य कलाकार सुमन मर्सानीका ममतामयी माता **पूर्णमाया मर्सानी**को असामयिक देहावसानको खवरले हामी मर्माहित भएका छौं । यस दुःखद क्षणमा ब्रम्ह्लिन आत्माको चीरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजमा धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भनी श्री भैरवनाथसँग प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

तीर्थमान प्रधानाङ्ग
अध्यक्ष तथा
भैरव साँस्कृतिक समिति परिवार
भैरवटोल, पोखरा-२

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मिति : २०८३।०७।१३ गते

साविक स्काईजोन इन्टरनेशनल एजुकेशनल कन्सल्टेन्सी प्रा. लि. (दर्ता नं.: ३८१४२६/८२/८३) को मिति २०८३।०६।२२ को साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्न व्यहोर्न पर्ने कर दायित्व आदि सबै परिवर्तित स्काईजोन इन्टरनेशनल प्रा.लि. नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाण्डौंको मिति २०८३।०६।२६ को निर्णयानुसार स्वीकृति प्रदान गरिएकोले यो सूचना प्रकाशित गरिएको छ ।
तपसिल :
साविकको नाम : स्काईजोन इन्टरनेशनल एजुकेशनल कन्सल्टेन्सी प्रा. लि.
संशोधित नाम : स्काईजोन इन्टरनेशनल प्रा. लि.

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मिति : २०८३।०७।१३ गते

साविक हिमाराया इन्स्टिच्यूट प्रा.लि. (दर्ता नं.: ३५६८०४/८१/८२) को मिति २०८३।०६।०९ को साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्न व्यहोर्न पर्ने कर दायित्व आदि सबै परिवर्तित निप्पोन काठमाण्डौं ल्याङ्ग्वेज सेन्टर प्रा.लि. नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाण्डौंको मिति २०८३।०६।१२ को निर्णयानुसार स्वीकृति प्रदान गरिएकोले यो सूचना प्रकाशित गरिएको छ ।
तपसिल :
साविकको नाम : हिमाराया इन्स्टिच्यूट प्रा. लि.
संशोधित नाम : निप्पोन काठमाण्डौं ल्याङ्ग्वेज सेन्टर प्रा. लि.

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

हार्दिक समवेदना

जन्मः
वि. सं. १९९४/०४/२७

स्वर्गारोहणः
वि. सं. २०८३/०७/०५

स्व. पम्फा के.सी.

यस धार्मिक सस्था श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समितिका सम्मानीत आजिबन पदेन सदस्य एवम् सामाजिक धार्मिक व्यक्तित्व श्रीमती प्रेम कुमारी के.सी. ज्यूकी ममतामयी पूजनीय सासुआमा **पम्फा के. सी.** को असामयीक निधन भएको आज ९ औं दिनको पुण्य तिथीका दिन यस मन्दिर सेवा समिति परिवार गहिरो दुःख प्रकट गर्दै दिवङ्गत आत्माको चिरशान्तिको कामना सहित भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछौं ।
साथै उहाँको परिवारसँग यस धार्मिक सस्थाको ऐतिहासिक पारिवारिक सुमधुर सम्बन्ध रहेको स्मरण गर्दै यस दुखद घडीमा उहाँका शोकसन्तप्त परिवार तथा आफन्तजनमा धैर्यधारण गर्न सक्ने शक्ति प्रदान गरुन् भनी भगवती देवी भद्रकाली मातासँग प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।
अन्त्यमा कालिमाताले हामी सबैको कल्याण गरुन् ।

योगेन्द्रमान श्रेष्ठ
अध्यक्ष एवं

श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति परिवार

कुँडहर, पोखरा-१२/१३

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

हार्दिक समवेदना

जन्मः
वि. सं. २००३/१०/०२

स्वर्गारोहणः
वि. सं. २०८३/०६/३०

स्व. रूप बहादुर गुरुङ

यस संस्थाका संस्थापक तथा प्रमुख कार्याकारी अधिकृत श्री राजेश गुरुङका पुजनीय पिता **रुप बहादुर गुरुङ** को ८० वर्षको उमेरमा भएको असामयिक स्वर्गारोहणले हामी अत्यन्त मर्माहित भएका छौं। यस दुःखद क्षणमा दिवंगत आत्माको चीरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भनी श्री भगवानसँग प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

देव क्षेत्री
प्रवन्धक निर्देशक

रवीचन्द्र सुवेदी
सञ्चालन प्रबन्धक

थिंक स्मार्ट इन्टरनेशनल एजुकेशन प्रा. लि. परिवार

पोखरा-९, फोन नं.: ०६१-५८६३८४

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा त्यो विन्ति मान्दैन त्यो ॥

हार्दिक समवेदना

जन्मः
वि. सं. २००३/१०/०२

स्वर्गारोहणः
वि. सं. २०८३/०६/३०

स्व. रूप बहादुर गुरुङ

हाम्रा आत्मीय मित्र श्री राजेश गुरुङ तथा भाइ अविनास गुरुङका पुजनीय पिता **रुप बहादुर गुरुङ** को ८० वर्षको उमेरमा भएको असामयिक स्वर्गारोहणले हामी अत्यन्त मर्माहित भएका छौं । यस दुःखद क्षणमा दिवंगत आत्माको चीरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भनी श्री भगवानसँग प्रार्थना गर्दै **हार्दिक समवेदना** व्यक्त गर्दछौं ।

राजन सुवेदी	शोभाकान्त सिग्देल	बसुधा भट्टराई	कृष्ण आचार्य	मेडिका श्रेष्ठ
सोमित थापा	लक्ष्मी थापा	दिपेन्द्र पहारी	अनिल उदास	रविचन्द्र सुवेदी
काजल गुरुङ	विन्दु सागर पराजुली	देव क्षेत्री	पृतम पुन	तेजु गुरुङ

समाजशास्त्र तथा मानवशास्त्र स्नातकोत्तर समूह-२०६१
पृथ्वीनारायण क्याम्पस, पोखरा